राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ४८ २०८३ भदौ २० गते शनिवार (5 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बाढी-पहिरोमा मृत्यु हुनेको संख्या १,२९० पुग्यो

### ३ खर्ब ८७ अर्ब रुपैयाँभन्दा बढीको क्षति, ५ हजारभन्दा बढी अझै सम्पर्कविहीन

दैनिक समाचारदाता

काठमाडौं, १९ भदौ । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा त्यसबाट फैलिएको विपद्मा परी ज्यान गुमाउनेको संख्या १ हजार २ सय ९० पुगेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार मध्याह्न अद्यावधिक गरेको विवरणअनुसार विपद्का कारण हालसम्म ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँ बराबरको आर्थिक क्षति तथा नोक्सानी भएको प्रारम्भिक अनुमान गरिएको छ।

प्राधिकरणका अनुसार प्रभावित क्षेत्रको शीघ्र पुनर्लाभका लागि मात्रै ७ अर्ब १५ करोड रुपैयाँ आवश्यक पर्ने देखिएको छ।

***चितवनमा सबैभन्दा बढी शव***

शुक्रबार मध्याह्नसम्म फेला परेका १ हजार २ सय ८७ शवमध्ये सबैभन्दा बढी चितवनमा भेटिएका छन्। हालसम्म फेला परेका शवमध्ये ९६ जनाको मात्रै सनाखत भएको प्राधिकरणले जनाएको छ।

*जिल्लागत रूपमा फेला परेका शवको संख्या:*

| | |
|---|---|
| चितवन | : ३५९ |
| नवलपरासी (पूर्व) | : २१९ |
| नवलपरासी (पश्चिम) | : २१२ |
| नुवाकोट | : १८४ |
| रसुवा | : १४० |
| गोरखा | : ७२ |
| धादिङ | : ६३ |
| तनहुँ | : ३८ |

***५ हजारभन्दा बढी अझै सम्पर्कविहीन***

प्राधिकरणका अनुसार बाढी तथा पहिरोमा परी ५ हजार ८३ जना अझै सम्पर्कविहीन छन्। सम्पर्कविहीनमध्ये ५८३ जना विदेशी नागरिक रहेका छन्। सम्पर्कविहीन हुनेमा रसुवाका २ हजार १३० र नुवाकोटका २ हजार ३४० जना छन्। प्राधिकरणले सम्पर्कविहीनको सूचीमा पहिचान हुन नसकेका शवसमेत समावेश भएको हुनसक्ने जनाएको छ।



विपद्का क्रममा हालसम्म ५ हजार ३ सय ९७ जना घाइते भएका छन्। उनीहरूको विभिन्न अस्पताल तथा नेपाली सेना र सशस्त्र प्रहरी बलका स्वास्थ्यकर्मीमार्फत उपचार भइरहेको छ।

***१३ हजारभन्दा बढीको उद्धार***

उद्धार कार्यलाई तीव्रता दिँदै सुरक्षा निकायले हालसम्म १३ हजार ९३ जनालाई सुरक्षित स्थानमा पुऱ्याएका छन्। उद्धार गरिएकामध्ये ३०३ जना विदेशी नागरिक छन्।

शुक्रबार मात्रै त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट दुई जनाको जीवितै उद्धार गरिएको छ।

उद्धार तथा राहतका लागि नेपाली सेनाले ८३० पटक र निजी क्षेत्रले १२९ पटक हेलिकप्टर उडान गरेका छन्।

***साढे ७ हजारभन्दा बढी घरमा क्षति***

प्रारम्भिक आकलनअनुसार विपद्का कारण ७ हजार ५ सय ७० निजी घरमा क्षति पुगेको छ।

त्यस्तै, ४८ वटा सरकारी संरचना, १८ विद्यालय र सात स्वास्थ्य संस्थामा पूर्ण तथा आंशिक क्षति भएको छ।

यातायात पूर्वाधारतर्फ ५५ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ भने ३७ मोटरेबल पुल र ६८ झोलुङ्गे पुलमा क्षति पुगेको छ।

***२१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन***

विपद् व्यवस्थापन तथा उद्धारका लागि देशभर २१ हजार ४ सय २१ सुरक्षाकर्मी परिचालन गरिएको प्राधिकरणले जनाएको छ।

परिचालित सुरक्षाकर्मीमध्ये नेपाली सेनाका ९ हजार २८७, नेपाल प्रहरीका ७ हजार ९३१ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ जना छन्।

प्रभावित क्षेत्रमा राहत सामग्री ढुवानीलाई प्राथमिकता दिँदै काठमाडौंबाट ६९ ट्रक र ३८ बोलेरोमार्फत खाद्यान्न तथा गैरखाद्य सामग्री पठाइएको छ। सशस्त्र प्रहरीले १६३ हवाई उडानमार्फत नुवाकोट र रसुवामा राहत पुऱ्याएको जनाएको छ।

सरकारले तत्कालीन राहतस्वरूप रसुवा र नुवाकोटलाई १/१ करोड रुपैयाँ, धादिङलाई ५० लाख तथा प्रभावित १५ स्थानीय तहलाई १३ करोड ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ।

***सञ्चार सेवा पनि क्रमशः सुचारु***

बाढीका कारण अवरुद्ध सञ्चार सेवा पनि क्रमशः सुचारु हुन थालेको छ। प्राधिकरणका अनुसार नेपाल टेलिकमका १२० मध्ये ११६ वटा र एनसेलका ७८ मध्ये ७५ वटा टावर सञ्चालनमा आइसकेका छन्।

यद्यपि ठूलो संख्यामा नागरिक अझै सम्पर्कविहीन रहेको र धेरै क्षेत्रमा भौतिक पूर्वाधारमा क्षति पुगेकाले खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाको कामलाई थप तीव्रता दिनुपर्ने अवस्था रहेको छ।

## १० दिनपछि आयो खुसीको खबर : 'सञ्जय जीवितै छन्'

### भोटेकोशी बाढीपछि १० दिनदेखि सम्पर्कविहीन इञ्जिनियर साहको सुरुङबाट जीवितै उद्धार

दैनिक समाचारदाता

सप्तरी, १९ भदौ । शुक्रबार बिहानसम्म तिलाठी कोइलाडी गाउँपालिका-४ कुशहास्थित साह परिवारको घरमा आशा क्षीण हुँदै गएको थियो। परिवारका सदस्यको मनमा अनेक आशंका थिए। हराएका छोरा सञ्जयको कुनै खबर नआउँदा दिनहरू भारी बन्दै गएका थिए।

तर बिहान करिब ९:३० बजे अचानक एउटा खबर आयो– 'सञ्जयको जीवितै उद्धार भयो।'

त्यो खबरसँगै केहीबेर अघिसम्म छाएको घरको सन्नाटा एकाएक रुवाबासीमा बदलियो। तर त्यो पीडाको रुवाइ थिएन, लामो समयदेखि हराइरहेका आफ्ना मान्छे जीवित भेटिएको खुसीको आँसु थियो।

रसुवाको भोटेकोशीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका तिलाठी कोइलाडी-४ कुशहाका ३१ वर्षीय इञ्जिनियर सञ्जय साहलाई नेपाली सेनाको टोलीले शुक्रबार त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट जीवितै उद्धार गरेको हो।

दुई छोरामध्ये जेठा सञ्जय जीवित रहेको खबर पाएपछि आमा कपुरदेवी साह, बुवा रामफल साह र भाइ सञ्जीव साहको खुसीको सीमा रहेन। खबर पाउनेबित्तिकै उनीहरू सञ्जयलाई भेट्न काठमाडौं गएका छन्।

लामो प्रतीक्षापछि आएको यो खबर परिवारका लागि पुनर्जन्मको खबरजस्तै बनेको छ।

"आशा नै हराउँदै गएको थियो। अचानक सञ्जयको जीवितै उद्धार भएको खबर जेठाजु देव साहबाट आयो," परिवारकी सदस्य सुधा साहले भनिन्, "त्यो खबर सुन्दा घरमा सबै रोयौँ, तर त्यो खुसीको आँसु थियो।"



सञ्जय सम्पर्कविहीन भएपछि उनकी श्रीमती लक्ष्मीकुमारी साह रुपनी गाउँपालिका-३ कटैयास्थित माइतीमा थिइन्। श्रीमान् जीवितै उद्धार भएको खबर पाएपछि उनका लागि पनि त्यो क्षण शब्दमा बयान गर्न नसकिने खुसीको बन्यो।

सञ्जय तीन वर्षदेखि नेपाल विद्युत् प्राधिकरणअन्तर्गत त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा इञ्जिनियरका रूपमा कार्यरत थिए। उनका साढे दुई वर्षकी छोरीसमेत छिन्।

भदौ १० गते बिहान करिब ७ बजे सञ्जयले परिवारसँग कुराकानी गरेका थिए। त्यसपछि भोटेकोशीमा आएको भीषण बाढीका कारण उनको सम्पर्क टुटेको थियो। त्यसयता परिवारका लागि हरेक दिन प्रतीक्षाको दिन बनेको थियो।

मोबाइलमा कुनै खबर आउला कि भन्ने आशामा परिवारका सदस्य दिनरात बेचैन थिए। समय बित्दै जाँदा आशा कमजोर हुँदै गएको थियो। तर शुक्रबार बिहान आएको एउटा खबरले लामो निराशालाई एकैछिनमा खुसीमा बदलिदियो।

सञ्जयको जीवित उद्धारको खबरसँगै साह परिवारमा फेरि आशा फर्किएको छ।

"आज फेरि छोराको आवाज सुन्न पाइयो," परिवारका सदस्यको भावनामा शुक्रबारको खुसी यही वाक्यमा अटाएको छ।


## मोटरसाइकल हराएको सूचना

मिति : २०८३ वैशाख १६ गते बुधवार जिल्ला धनुषाको जनकपुरधाम उपमहापालिका वडा नं. ३ को वडा कार्यालयबाट जानकी मन्दिर जानेबाटोमा पर्ने साथीको घरको गेट अगाडि पार्किङ्ग गरी राखेको कालो रंगको दर्ता नं.लु.१० प.३७२१ नम्बरको २०० सिसीको केटीएम डुक मोटरसाइकल बेलुका अन्दाजी १८:३० बजेको समयमा हराएको हँदा देखनु हुने महानुभावले मोवाइल नं.९८०४८४०३२६ वा नजिकको प्रहरी कार्यालयमा खरब गरिदिनु भएमा उचित पुरस्कार दिइनेछ ।


चेसिस नं. MD2JPCXE75NO92632
इन्जिन नं: S-937X22691X
मोटरसाइकलको हालको नं.: म.प्र.०२-०१० प ०४५५
नाम : रामपृत मण्डल
ठेगाना : जि.ध.: हँसपुर नगरपालिका वडा नं. ३
मो.नं. : ९८०४८४०३२६
फर्म : हुलास अटो

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# 'टक्सिक' : एक्सनको तामझाम, कथाको अभाव

## यशको स्टारडम र गीतू मोहनदासको निर्देशकीय दृष्टिकोणबीच अल्झिएको 'टक्सिक'



कुनै-कुनै फिल्ममा बलियो कथा नहुँदा त्यसलाई ढाकछोप गर्न निर्देशकले अत्यधिक भड्किला दृश्यको सहारा लिन्छन्। दृश्यको तामझाम र शैलीमार्फत फिल्मलाई बलियो देखाउने प्रयास गरिन्छ। अहिले हलमा चलिरहेको 'टक्सिक: अ फेयरी टेल फर ग्रोन-अप्स' त्यस्तै भड्किलो दृश्य र कमजोर कथाबीचको विरोधाभासपूर्ण दस्तावेज बनेको छ।

कन्नड सुपरस्टार यश र मलयालम सिनेमाकी प्रयोगात्मक निर्देशक गीतू मोहनदासको सहकार्यमा बनेको यो फिल्म कलात्मक इमानदारिता र व्यावसायिक बाध्यताको फसादमा परेको देखिन्छ। सिधा भाषामा भन्नुपर्दा, फिल्ममा निर्देशकको कलात्मक दृष्टिकोण र सुपरस्टार यशको स्टारडमबीचको द्वन्द्व सतहमा पोखिएको छ। फिल्मले सन् १९४० देखि १९७० सम्मको पोर्चुगिज शासनकालीन गोवा देखाउँछ। बाहिरबाट हेर्दा सुन्दर देखिने यो तटीय क्षेत्रभित्र अफिमको कालो व्यापार, ड्रग्स तस्करी र गुन्डागर्दीको अवैध साम्राज्य फैलिएको हुन्छ।

कथाका मुख्य पात्र राया (यश) हुन्। उनी त्यस साम्राज्यका मुख्य डन साल्भाडोरका निकै विश्वासिला मान्छे हुन्। तर रायाको उद्देश्य अन्ततः त्यही साम्राज्य आफ्नो बनाउनु हुन्छ। त्यस क्रममा उनले आफ्नो उद्देश्य पूरा गर्न सक्छन् कि सक्दैनन् ? उनको जीवनमा अरू कस्ता पात्रहरू ठोक्किन आइपुग्छन् ? तिनीहरूको प्रभाव उनीमाथि कस्तो पर्छ ? फिल्मको मूल कथा यिनै प्रश्नको वरिपरि घुम्छ। मूलतः यो एउटा ग्याङ्स्टरको कथा हो।

तर निर्देशक गीतूले फिल्मलाई डनहरूको कथा मात्र बनाउन चाहेकी छैनन्। उनले मान्छेले आफ्ना प्रियजन गुमाउँदा मनभित्र कस्तो पीडा लुकाएर बाँचिरहेका हुन्छन् भन्ने देखाउन खोजेकी छिन्। बाल्यकालमा एक्लै छोडिनुको दुःख, अभिभावक र सन्तानबीचको सम्बन्ध, अवैध धन्दा, प्रेम, मानसिक आघात र विषाक्त पुरुषत्वजस्ता विषय पनि उनले फिल्ममार्फत उठाउन खोजेकी छन्।

तर यी गम्भीर विषयलाई दर्शकसम्म प्रभावकारी ढंगले पुऱ्याउन उनी सफल भएकी छैनन्।

यसको प्रमुख कारण निर्देशकको दृष्टिकोण र यशको स्टारडमबीच आवश्यक सन्तुलन कायम हुन नसक्नु हो। यशको आफ्नै स्टारडम छ भने गीतूको आफ्नै कलात्मक सोच। फिल्ममा यी दुई फरक दृष्टिकोण एकअर्कासँग बाझिएको महसुस हुन्छ। फिल्मले भन्न खोजेका मुख्य कुरा निकै ढिलो गरी मात्र सतहमा आउँछन्।

कतिपय दृश्य यति धेरै टुक्राटुक्रा पारिएका छन् कि यो फिल्म नभई रिल्सहरू जोडेर बनाइएको लामो भिडियोजस्तो लाग्छ। कतिपय ठाउँमा पात्रहरू एकै ठाउँमा चुपचाप उभिएर आफ्नो पालो पर्खंदै संवाद बोलेको जस्तो देखिन्छ। यस्ता कमजोरीका कारण निर्देशकले सोचेर ल्याएको विषयवस्तु पर्दामा प्रभावकारी रूपमा उतारिन सकेको छैन।

यद्यपि, फिल्मको एउटा सकारात्मक पक्ष भनेको यसले आफ्नो विधालाई केही हदसम्म न्याय गर्नु हो।

'टक्सिक' ग्याङ्स्टर एक्सन ड्रामा हो। यदि तपाईंलाई कथा वा चरित्रभन्दा राम्रो सेट, हिरोको स्टाइल र मारकाट हेर्न मन पर्छ भने यो फिल्मले निराश बनाउँदैन। सर्कस-कार्निभल फाइटदेखि बार फाइटसम्मका दृश्य यसको उदाहरण हुन्। भनौं, मारकाटको अभाव फिल्ममा बिल्कुलै छैन। बरु कतिपय ठाउँमा त अर्को दृश्यमा फाइट नहोस् भन्ने कामना गर्नुपर्ने अवस्था आउँछ।



फिल्मको अर्को बलियो पक्ष यसको सिनेम्याटोग्राफी हो। गोवा र मकाउजस्ता स्थानलाई निकै सुन्दर ढंगले पर्दामा उतारिएको छ। लामो एरियल जुम सट, पानोरामिक दृश्य र फरक कोणबाट खिचिएका क्लोजअप यसका उदाहरण हुन्। फिल्ममा केही उत्कृष्ट मोन्टाज पनि छन्, जसले कथा र विधाको टेम्पो महसुस गराउने प्रयास गरेका छन्। यो पक्ष भने प्रशंसनीय छ।

तर एउटा ग्याङ्स्टर फिल्म प्रभावकारी बन्न जति बलियो कथा र मन छुने भावनात्मक तह आवश्यक हुन्छ, त्यो 'टक्सिक'मा छैन। प्रेमको प्रसंग ल्याइएको छ, तर त्यसमा गहिराइ छैन, रोमाञ्चकता पनि खासै महसुस हुँदैन। प्रेमलाई लगभग यौन सम्बन्धकै रूपमा प्रस्तुत गरिएको देखिन्छ। त्यसमाथि सम्पादनमा पर्याप्त ध्यान नदिइएको अनुभूति हुन्छ। यसले दर्शकलाई दृश्यमा लामो समयसम्म बाँधिराख्न दिँदैन। संगीत पनि धेरै ठाउँमा अनावश्यक रूपमा चर्को सुनिन्छ।

फिल्मको सबैभन्दा कमजोर पक्ष भनेकै कथानक र पटकथा हो। मूल कथाको सार राम्रो भए पनि निर्देशकले त्यसलाई प्रभावकारी रूपमा समात्न नसकेको देखिन्छ। बरु सामान्य कथालाई पनि ३ घण्टा १४ मिनेटसम्म जबर्जस्ती तन्काइएको अनुभूति हुन्छ। यस क्रममा कथाका लागि अत्यावश्यक नभएका पात्रहरूको संख्या पनि बढेको छ।

फिल्मको पहिलो भागमा धेरैजसो मारकाट, झगडा र हिरोको स्टाइल प्रस्तुत गरिएको छ। यसले गर्दा वास्तविक कथा के हो भन्ने बुझ्नै कठिन हुन्छ। दोस्रो भागमा एउटा ठूलो ट्विस्ट आउँछ। तर पात्रहरूबारे पर्याप्त कुरा सुरुदेखि नखुलाइएकाले त्यस ट्विस्टले दर्शकमा अपेक्षित भावनात्मक प्रभाव पार्दैन।

उदाहरणका लागि, रायासँग सुरुदेखि नै देखिने पात्र कार्मांडी हुन्। तर उनी किन सधैं रायासँगै छन् भन्ने कुरा स्पष्ट पारिएको छैन। त्यसैले कार्मांडी र रायाबीचको सम्बन्धमा दर्शकले भावनात्मक कनेक्सन स्थापित गर्न सक्दैनन्। अझ फिल्मको क्लाइमेक्स पनि पूर्णतः कलात्मक शैलीमा टुंग्याइएको छ, जसले धेरै दर्शकलाई अलमलमा पार्न सक्छ।

यी सबैका बाबजुद फिल्मको मुख्य आकर्षण भने यश नै हुन्। उनको अभिनय तारिफयोग्य छ। फिल्ममा उनले राया र टिकेटको दोहोरो भूमिका निभाएका छन्। टिकेट रायाकै छोरा हुन्। रायाको भूमिकामा यश 'केजीएफ'को तुलनामा शान्त तर अझ खतरनाक देखिन्छन्। अर्कोतर्फ टिकेटको भूमिकामा उनको शरीरको अस्वाभाविक चाल र छिटोछिटो दौडिने शैली हेर्नलायक छ। कियारा आडवाणी (नादिया), नयनतारा (गङ्गा/मीरा) र बबी देओललगायतका कलाकारको अभिनय पनि उल्लेखनीय छ।

समग्रमा, 'टक्सिक' सजावट र स्टाइलले भरिएको फिल्म हो। दृश्यात्मक भव्यता, एक्सन र यशको स्टारडमले यसलाई आकर्षक बनाउने प्रयास गरेका छन्। तर कमजोर कथानक र पटकथा तथा निर्देशकको कलात्मक सोच र हिरोको स्टारडमबीचको असन्तुलनले यसलाई एउटा अधुरो प्रयासमा सीमित गरिदिएको छ।

फोटो : ट्रेलर/टिजर 'टक्सिक'

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सबै ठीक हुँदाहुँदै पनि किन मन ठीक हुँदैन ?

## जीवन बाहिरबाट व्यवस्थित देखिए पनि भित्र कतै केही नमिलेको महसुस हुन्छ भने आफैँलाई यी पाँच प्रश्न सोध्नुहोस्



कहिलेकाहीँ बाहिरबाट हेर्दा केही पनि बिग्रिएको देखिँदैन। तैपनि भित्रभित्रै केही कुरा नमिलेजस्तो वा बिझाइरहेको महसुस हुन सक्छ।

तपाईं बिहान उठ्नुहुन्छ, काममा जानुहुन्छ, मान्छेहरूलाई भेट्नुहुन्छ, आफ्ना जिम्मेवारी पूरा गर्नुहुन्छ र गर्नुपर्ने सबै काम गर्नुहुन्छ।

बाहिरबाट हेर्दा तपाईंको जीवन एकदमै व्यवस्थित र सही बाटोमा हिँडिरहेको देखिन सक्छ। तर मनको कुनै कुनामा एउटा शान्त आवाजले भनिरहेको हुन सक्छ–'केही पनि ठीक चलिरहेको छैन।'

यो भावना निकै अलमल्याउने खालको हुन सक्छ। किनकि दोष दिनका लागि कुनै एउटा ठूलो समस्या नहुन पनि सक्छ। कहिलेकाहीँ यो केवल यस्तो अनुभूति हुन्छ–जुन जीवन तपाईंले कुनै समय चाहनुभएको थियो, अहिले त्यही जीवन बाँचिरहन मन लागिरहेको छैन।

यस्तो अवस्थामा तुरुन्तै सबै कुरा सुधार्नतिर लाग्नुभन्दा केही समय रोकिनु र आफूलाई केही इमानदार प्रश्न सोध्नु उपयोगी हुन सक्छ।

***१. के म आफ्नो जीवनसँग दुःखी छु, वा म यसभन्दा अघि बढिसकेको छु ?***

हरेक असहज चरणको अर्थ केही कुरा बिग्रिएको छ भन्ने हुँदैन।

कहिलेकाहीँ तपाईं परिपक्व हुनुभएको हुन्छ, परिवर्तन हुनुभएको हुन्छ। तर तपाईंको दिनचर्या, सम्बन्ध, महत्त्वाकांक्षा वा वातावरण भने उस्तै रहन्छ। एक समय रोमाञ्चक लागेका कुराहरू पछि सामान्य लाग्न थाल्छन्। जुन लक्ष्यले कुनै समय उत्साह दिन्थ्यो, त्यसको अर्थ पनि अब पहिलेजस्तो नहुन सक्छ।

यहीँ सेल्फ-रिफ्लेक्सनको महत्त्व हुन्छ।

आफैँलाई सोध्नुहोस्–वास्तवमा के परिवर्तन भएको छ ?

के तपाईंको जीवनले तपाईंलाई दुःखी बनाइरहेको छ ? वा तपाईं फरक आवश्यकता, प्राथमिकता र सपना भएको व्यक्ति बन्दै हुनुहुन्छ ?

कुनै कुराभन्दा अघि बढ्नु वा हुर्किनुको अर्थ तपाईंले पहिले गलत निर्णय गर्नुभएको थियो भन्ने होइन। त्यसको अर्थ केवल यति हुन सक्छ–त्यो निर्णय तपाईंको पुरानो रूप वा अवस्थाका लागि सही थियो।

***२. यदि कसैले मबाट कुनै अपेक्षा नराख्ने हो भने म के रोज्ने थिएँ ?***

यो प्रश्न सोध्न सोचेजस्तो सजिलो हुँदैन।

हाम्रा धेरै निर्णय वर्षौंदेखि अँगालेका सामाजिक अपेक्षाबाट प्रभावित हुन्छन्। सफल करियर कस्तो हुनुपर्छ ? स्थिर सम्बन्धमा कस्तो महसुस हुनुपर्छ ? राम्रो जीवन केलाई भनिन्छ ? यस्ता धेर कुरा हामीले समाजबाट सिकेका हुन्छौँ।

अब एकछिन कल्पना गर्नुहोस्–कसैलाई प्रभावित पार्नुपर्ने छैन, कसैको अपेक्षा पूरा गर्नुपर्ने छैन र तपाईंले अरूको प्रतिक्रियाको पनि चिन्ता गर्नुपर्दैन।

***अब तपाईं आफ्नो समय कसरी बिताउन चाहनुहुन्छ ?***

यसको उत्तर ठूलो वा नाटकीय हुनैपर्छ भन्ने छैन। सायद तपाईं अलि शान्त र सुस्त जीवन चाहनुहुन्छ। सायद केही नयाँ सिक्न, फरक ठाउँमा बस्न, एक्लै बढी समय बिताउन वा आफूलाई अब आकर्षित नगर्ने कुराको पछि लाग्न छोड्न चाहनुहुन्छ।

तपाईंको उत्तरले जीवनमा वास्तवमा के छुटिरहेको छ भन्ने कुरा स्पष्ट पार्न सक्छ।

***३. म परिवर्तन भएँ भने के होला भन्ने डर मलाई छ ?***

कहिलेकाहीँ के परिवर्तन गर्नुपर्छ भन्ने कुरा हामीलाई थाहा हुन्छ। तर डरले गर्दा जहाँको त्यहीँ रोकिन्छौँ।

हामी अरूलाई निराश बनाउने चिन्ता गर्छौँ। आर्थिक अनिश्चितताको डर हुन्छ। परिचित कुरा छोडेपछि पछुताउनुपर्छ कि भन्ने लाग्छ। कुनै अवस्था सही नलागे पनि अपरिचित बाटोभन्दा परिचित अवस्था नै सुरक्षित महसुस हुन्छ।

आफैँलाई सोध्नुहोस्–वास्तवमा के गुमाउने डर तपाईंलाई छ ?

त्यसपछि अर्को प्रश्न सोध्नुहोस–म जहाँ छु, ठ्याक्कै त्यहीँ बसिरहँदा मैले के-के गुमाउँछु ?

परिवर्तनको अर्थ सधैँ जागिर छोड्नु, सम्बन्ध अन्त्य गर्नु वा नयाँ ठाउँबाट जीवन सुरु गर्नु मात्र होइन। कहिलेकाहीँ यसको अर्थ एउटा सीमा तय गर्नु, एउटा बानी बदल्नु वा आफूलाई केही फरक कुरा चाहिएको स्वीकार गर्नु मात्र पनि हुन सक्छ।

एउटा इमानदार कदम चाल्न तपाईंले आफ्नो सम्पूर्ण भविष्य पहिले नै तय गरिसक्नुपर्छ भन्ने छैन।

***४. मैले अन्तिम पटक कहिले आफूलाई वास्तविक रूपमा महसुस गरेको थिएँ ?***

तपाईं सफल भएको वा अरूबाट प्रशंसा पाएको क्षणभन्दा पर गएर सोच्नुहोस्।

त्यो समय सम्झनुहोस्, जब तपाईं आफूभित्रै सहज र सन्तुष्ट महसुस गर्नुहुन्थ्यो।

सायद तपाईं कसैसँग हाँसिरहनुभएको थियो। एक्लै यात्रा गरिरहनुभएको थियो। केही सिर्जना गर्दै हुनुहुन्थ्यो। राति अबेरसम्म पढ्दै हुनुहुन्थ्यो। प्रकृतिमा समय बिताउँदै हुनुहुन्थ्यो। वा अरूले के सोच्लान् भन्ने चिन्ता नगरी सहजै केही गरिरहनुभएको थियो।

त्यतिबेला तपाईंमा के फरक थियो ?

यो प्रश्नले जिम्मेवारीको बोझमुनि बिस्तारै हराउँदै गएका तपाईंका ती पाटाहरूलाई पहिचान गर्न मद्दत गर्न सक्छ।

पुनः आफ्नै वास्तविक रूपमा फर्कन सधैँ विगतमै फर्कनुपर्छ भन्ने छैन। यसको अर्थ अहिलेको जीवनमा आफ्ना ती जीवित र सक्रिय पाटाहरूलाई पुनः समावेश गर्नु पनि हुन सक्छ।

***५. यो असहजताले मलाई के सिकाउन खोजिरहेको छ ?***

आध्यात्मिक वा मानसिक वृद्धि सधैँ शान्ति र स्पष्टताका साथ मात्र आउँदैन। कहिलेकाहीँ यो बेचैनीका रूपमा आउँछ।

अब सही नलागिरहेको जीवन आफैँभित्र चिहाउने एउटा निमन्त्रणा पनि हुन सक्छ। यसले तपाईंलाई ती विश्वास, बानी र पहिचानमाथि प्रश्न उठाउन बाध्य पार्न सक्छ, जुन तपाईंले कुनै समय नसोची स्वीकार गर्नुभएको थियो।

त्यसैले 'म यो भावनाबाट कसरी बाहिर निस्कूँ ?' भनेर मात्र सोध्नुको सट्टा 'यो भावनाले मलाई के देखाइरहेको छ ?' भनेर सोध्ने प्रयास गर्नुहोस्।

सायद यसले तपाईंलाई आफ्नो गति कम गर्न सिकाउँदै छ। सायद यसले तपाईंलाई अरूको अपेक्षाभन्दा आफ्नै छनोटलाई प्राथमिकता दिन भनिरहेको छ। सायद यसले सफलताको पुरानो परिभाषा अब तपाईंका लागि उपयोगी छैन भन्ने देखाइरहेको छ।

हरेक गाह्रो भावनालाई ब्रह्माण्डको संकेतका रूपमा लिनैपर्छ भन्ने छैन। तर त्यसलाई आफ्नो मनको आवाज अझ ध्यानपूर्वक सुन्ने अवसरका रूपमा भने प्रयोग गर्न सकिन्छ।

किनकि कहिलेकाहीँ जीवनमा केही पनि बिग्रिएको हुँदैन–केवल हामी बदलिइसकेका हुन्छौँ।

# दूरसञ्चार प्राधिकरणले उपलब्ध गरायो २० स्याटेलाइट फोन

काठमाडौं । रसुवा भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सूचना प्रवाह सहज बनाउन नेपाल दूरसञ्चार प्राधिकरणले २० थान स्याटेलाइट फोन उपलब्ध गराएको छ ।

प्राधिकरणले अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आईटीयू) बाट विपद् सहयोग स्वरूप प्राप्त यी फोन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गरेको हो ।

उपलब्ध गराइएका कुल फोनमध्ये १० थान रसुवा र १० थान नुवाकोट जिल्लामा प्रयोग हुने गरी पठाइएको छ । स्याटेलाइट फोनहरू आगामी तीन महिनासम्म निःशुल्क प्रयोग गर्न सकिने छ ।

टेलिकम नेटवर्क नटिप्ने दुर्गम स्थानहरूमा समेत स्याटेलाइटका माध्यमबाट फोन तथा एसएमएस सेवा लिन सकिने यो प्रविधि निकै महँगो मानिन्छ । यसको प्रयोगले विपद्का समयमा सञ्चार सम्पर्क विच्छेद हुन नदिई उद्धार कार्य थप प्रभावकारी बनाउने विश्वास गरिएको छ ।



# फोल्ड हुने आईफोन परीक्षणमा



काठमाडौं । एप्पलले आगामी सेप्टेम्बरमा आफ्नो पहिलो फोल्ड हुने आईफोन सार्वजनिक गर्ने तयारी गरिरहेको छ ।

'आईफोन अल्ट्रा' नाम दिइने उक्त फोन बजारमा आउनुअघि परीक्षणका लागि बनाइएको नमुना एप्पलबाहिरका केही व्यक्तिले प्रयोग गरिसकेको रिपोर्ट सार्वजनिक भएको छ ।

ब्लूमबर्गका प्रविधि पत्रकार मार्क गुरम्यानलाई उद्धृत गर्दै एप्पल-इन-साइडरले जनाएअनुसार फोन प्रयोग गरेका व्यक्तिले यसको फोन मोड्ने र खोल्ने भाग बलियो तथा प्रयोग गर्न सजिलो रहेको बताएका छन् । फोल्ड गर्दा फोन केही बाक्लो भए पनि खल्तीमा अट्ने उनीहरूको अनुभव छ । फोनमा फोल्ड हुने ठूलो स्क्रिन हुने र त्यसमा आईप्याडजस्तै एकैपटक धेरै सामग्री तथा एप प्रयोग गर्न मिल्ने व्यवस्था रहने बताइएको छ । ठूलो स्क्रिनका कारण भिडियो हेर्न, काम गर्न र धेरै एप चलाउन सहज हुने अपेक्षा गरिएको छ ।

क्यामेरामा टाढाको वस्तु नजिक देखाउने टेलिफोटो लेन्स नहुन सक्ने रिपोर्टमा उल्लेख छ । तर, फोल्ड हुने ठूलो स्क्रिनलाई तस्बिर वा भिडियो खिच्दा दृश्य हेर्ने स्क्रिनका रूपमा प्रयोग गर्न सकिने र यसले राम्रो अनुभव दिने प्रारम्भिक प्रयोगकर्ताले बताएका छन् ।

नयाँ आईफोनमा अनुहार हेरेर फोन खोल्ने फेस आईडीको सट्टा औंठाछापबाट फोन खोल्ने टच आईडी ल्याउन सकिने संकेत पनि गरिएको छ । यसको मूल्य कम्तीमा दुई हजार अमेरिकी डलर हुन सक्ने अनुमान छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# भोटेकोसी बाढीपीडितका लागि चीनबाट २७ टन राहत सामग्री


## त्रिपुरेश्वर विमानस्थल हुँदै आएको राहतमा त्रिपाल, कम्बल, न्यानो कपडा र मेडिकल सामग्री

देनिक समाचारदाता

काठमाडौं, १९ भदौ । रसुवाको भोटेकोसीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि चिनियाँ संस्था चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट (सीएफआरडी) २७ टन राहत सामग्रीसहित काठमाडौं आइपुगेको छ।

सीएफआरडीले सञ्चालन गरेको '८.२६ नेपाल मडस्लाइड रेस्क्यु अपरेसन' अन्तर्गत पहिलो चरणको राहत सामग्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइएको हो।

बाढीको लेदो, ढुंगा र तीव्र बहावका कारण बस्ती, सडक, पुललगायतका पूर्वाधारमा ठूलो क्षति पुगेपछि सीएफआरडीको नेपाल कार्यालयले तत्काल आपत्कालीन प्रतिक्रिया संयन्त्र सक्रिय गरी प्रभावित क्षेत्रमा क्षतिको मूल्यांकन तथा राहत




वितरण सुरु गरेको थियो।

पहिलो चरणमा चीनबाट ल्याइएको राहत सामग्रीमा १७५ त्रिपाल, १ हजार कम्बल, १ हजार न्यानो कपासका कोट, १ हजार आपत्कालीन मानवीय राहत बाकस र ६ हजार मेडिकल प्याकिङ ब्याग छन्।

करिब २७ टन तौलका यी सामग्रीको मूल्य १० लाख चिनियाँ युआनभन्दा बढी रहेको सीएफआरडीले जनाएको छ। नेपाल सरकारको विपद् व्यवस्थापन संयन्त्रसँग समन्वय गरी सामग्री रसुवाका बाढी प्रभावित क्षेत्रमा पठाइने संस्थाले जनाएको छ।

त्यस्तै, सीएफआरडीले नुवाकोटका प्रभावित क्षेत्रमा १४ पाल, ५०० खाद्यान्न प्याकेज, ५०० परिवारका लागि जीवनयापन सामग्री र ५ हजार सौर्य बत्ती उपलब्ध गराउने काम अघि बढाइसकेको छ। खाद्यान्न प्याकेजमा चामल, तेल र दाललगायतका सामग्री समावेश छन्।

प्रभावित समुदायको आवश्यकता र अवस्थाका आधारमा आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने सीएफआरडीले जनाएको छ।राहत सामग्री जुटाउन हाइफ्लायर क्वान्ट, बेइजिङ टोङसिनयुआन र झेजियाङ अन्जिहुईलगायत चिनियाँ उद्यम तथा सहयोगी संस्थाले योगदान गरेका छन्।

नेपालमा सीएफआरडीको मानवीय सहकार्य भने नयाँ होइन। २०७२ सालको भूकम्पपछि आपत्कालीन उद्धार र पुनर्निर्माणबाट सुरु भएको संस्थाको नेपाल संलग्नता पछिल्लो समय समुदाय विकास, युवा तालिम, स्वच्छ खानेपानी, कृषि विकास तथा विपद् व्यवस्थापनसम्म विस्तार भएको छ। कोभिड-१९ महामारीका साथै जाजरकोट, सिन्धुपाल्चोक र गोरखामा भएका विभिन्न विपत्तिमा समेत संस्थाले सहयोग गरेको जनाएको छ।

# किएभमा चौबीसै घण्टा रुसी आक्रमण

किएभ, १९ भदौ । युक्रेनको राजधानी किएभमा रुसी ड्रोन र क्षेप्यास्त्र आक्रमणको समय र शैली फेरिएको छ । यसअघि मुख्यतः राति हुने आक्रमण पछिल्लो एक सातादेखि दिनमा समेत हुन थालेपछि किएभवासीको दैनिकी चौबीसै घण्टा हवाई आक्रमणको त्रास र अवरोधमा परेको छ । रुसले तीव्र गतिमा उड्ने जेट-सञ्चालित ड्रोन प्रयोग गर्न थालेपछि आक्रमणको ढाँचा बदलिएको हो ।

हवाई आक्रमणको साइरन, विस्फोट र हवाई प्रतिरक्षाको आवाज अब सहरको दैनिक जीवनकै हिस्सा बनेका छन् । साइरन बज्दा मल, बैंक, विद्यालय तथा अन्य व्यवसायका काम रोक्नुपर्ने र सर्वसाधारण सुरक्षित स्थानमा जानुपर्ने अवस्था छ । आक्रमणका कारण यातायातसमेत प्रभावित भएको छ । हवाई चेतावनीका कारण रेलहरू बाटोमै रोकिने र यात्रु सामान बोकेर पैदल हिँड्नुपर्ने अवस्था आएको छ ।

ड्रोनका कारण जीपीएस सङ्केत अवरुद्ध हुँदा ट्याक्सी सेवासमेत प्रभावित भएको छ । भोलोदिमर बोभ्सुनोभ्स्कीले करिब चार वर्षीया छोरीका लागि कपडा किन्न मल पुग्दा २० मिनेटमै हवाई आक्रमणको चेतावनी बजेको र धुवाँ देखिएपछि खाली हात फर्किनु परेको बताउनुभयो । "विगत सात दिनमा धेरै परिवर्तन भएको छ", उहाँले भन्नुभयो । उहाँ परिवारलाई केही समय सुरक्षित र शान्त वातावरण दिन किएभ छाड्नेबारे समेत सोचिरहनुभएको छ ।

युद्धले व्यक्तिगत जीवनका महत्वपूर्ण क्षणसमेत प्रभावित पारेको छ । इरिना बारानोभा र इभहेन मित्सिकले हवाई आक्रमणकै बिच विवाह गर्नुभएको थियो । मित्सिकले यस्तो अवस्थामा जीवन र परिवारको महत्व अझ बढी महसुस हुने बताउनुभयो । उहाँले भन्नुभयो, "बिहान उठेपछि त्यस दिनको अधिकतम उपयोग गर्नुपर्छ, किनभने अर्को मौका नहुन सक्छ ।"

टेट्याना सेभचेन्कोले ध्यानले लगातारको साइरन र विस्फोटबिच आफूलाई शान्त रहन मद्दत गरेको बताउनुभयो । तर हवाई आक्रमणकै कारण सरकारी कार्यालयमा आफ्नो पालो गुमाएर लामो प्रक्रिया दोहोर्‍याउनुपरेको उहाँको अनुभव छ । लगातारको आक्रमणले केही बासिन्दालाई सहर छाड्ने सोच्न बाध्य बनाएको छ । आइटी कर्मचारी इभान दात्सिभको अपार्टमेन्टमा रुसी ड्रोन ठोक्किँदा क्षति पुगेपछि उहाँले शान्त र सुरक्षित अर्को सहरमा बसाइँ सर्ने विचार गरिरहनुभएको छ ।

बारम्बार साइरन बज्ने भएकाले आश्रयस्थलमा जाने र फर्किने समयसमेत नपुग्ने उहाँले बताउनुभयो । बोभ्सुनोभ्स्कीकी छोरी जाने गरेको बालविकास केन्द्रमा पनि हवाई आक्रमणको चेतावनी बज्दा बालबालिकालाई आश्रयस्थलमा लैजानुपर्छ । "त्यहाँ कुनै स्थिरता छैन", उहाँले भन्नुभयो । रातमा सीमित रहेको रुसी हवाई आक्रमण दिनको समयमा समेत फैलिँदा किएभवासीले युद्धको त्राससँगै काम, यात्रा, शिक्षा र पारिवारिक जीवनलाई निरन्तरता दिन सङ्घर्ष गरिरहेका छन् । रासस/एपी

# भोटेकोशी बाढी:सात जलविद्युत् आयोजनाका सुरुङमा खोजी जारी

## सेनाले ३ हजार २ सयभन्दा बढी नेपाली र २७० विदेशीको उद्धार गरिसकेको दाबी, जीवित उद्धारलाई मुख्य प्राथमिकता

दैनिक समाचारदाता

काठमाडौं, १९ भदौ । भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि ठूलो जनधनको क्षति भएको छ। बाढीमा फसेकाहरूको खोजी तथा उद्धार कार्य अझै जारी छ।

बाढीका कारण रसुवाका विभिन्न जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी तथा कामदारसमेत प्रभावित भएका छन्। केहीको शव भेटिए पनि केही अझै सम्पर्कविहीन छन्। जलविद्युत् आयोजनाका सुरुङभित्र धेरै व्यक्ति फसेको सूचनापछि नेपाली सेनासहितको प्राविधिक टोलीले सुरुङमा केन्द्रित भएर खोजी तथा उद्धारलाई तीव्रता दिएको छ।

नेपाली सेनाका महासेनानी झविन्द्रबहादुर रेश्मीका अनुसार सेनाले अहिलेसम्म ३ हजार २ सयभन्दा बढी नेपाली र २७० भन्दा बढी विदेशी नागरिकको उद्धार गरिसकेको छ। उद्धार गरिएकामा सुरुङभित्र तथा बाहिरबाट उद्धार गरिएका नागरिक दुवै समावेश छन्।

'हाम्रो मुख्य प्राथमिकता भनेकै जीवित उद्धार हो। यस क्षेत्रमा रहेका सातवटै टनेलमा खोजी र उद्धार जारी राखेका छौँ,' रेश्मीले भने।

***कुन आयोजनामा कति अघि बढ्यो खोजी ?***

त्रिशूली-३ 'ए' : आयोजनाको सुरुङभित्र १७० मिटरसम्म उद्धार टोली प्रवेश गरिसकेको छ। टोलीले दुई जनालाई जीवितै उद्धार गरेको छ। सुरुङभित्र खोजी तथा उद्धार कार्य जारी छ।

त्रिशूली-३ 'बी' : सेनाको टोली सुरुङभित्र ३० मिटरसम्म प्रवेश गरेको छ। अहिले माटो तथा लेदो हटाउने काम भइरहेको छ।

चिलिमे जलविद्युत् आयोजना : सुरुङभित्र १५० मिटरसम्म सेनाको टोली प्रवेश गरी खोजी तथा उद्धार गरिरहेको छ।

*लाङटाङ हाइड्रो :* सुरुङका विभिन्न स्थानबाट प्वाल पारेर करिब ८ फिट लम्बाइ र ३ फिट चौडाइको बाटो खोलिएको छ। उद्धारको प्रयास जारी छ।

*अपर त्रिशूली-१ :* सेनाको उद्धार टोली सुरुङभित्र २०० मिटरसम्म प्रवेश गरेको छ।

*रसुवागढी जलविद्युत् आयोजना :* सुरुङभित्र २७५ मिटरसम्म सेनाको टोली प्रवेश गरी खोजी गरिरहेको छ।



*मैलुङ खोला जलविद्युत् आयोजना :* यहाँ पनि खोजी तथा उद्धार कार्य जारी रहेको सेनाले जनाएको छ।

***स्थलमार्गबाट पनि उद्धार***

नेपाली सेनाले हवाइ उद्धारसँगै स्थलगत रूपमा पनि उद्धार कार्यलाई निरन्तरता दिएको छ। महासेनानी रेश्मीका अनुसार सेनाले विभिन्न १९ स्थानमा स्थलगत उद्धार गरिरहेको छ। यस्तै, सेनाले इन्द्रेणीघाटमा तुइन निर्माण गरिसकेको छ। देवीघाटमा पनि तुइन तथा बेलिब्रिज निर्माणको काम सुरु भइसकेको रेश्मीले जानकारी दिए।


भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा उद्धारसँगै सुरुङभित्र फसेका व्यक्तिको खोजीलाई प्राथमिकतामा राखिएको सेनाले जनाएको छ। सुरुङभित्रको लेदो, माटो तथा अन्य अवरोध हटाउँदै सम्भावित जीवित व्यक्तिको खोजी भइरहेको छ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब उत्कृष्ट भविष्यको रोजाई


MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४